**शुद्धोधन राजपत्र**

शुद्धोधन गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ६) शुद्धोधन, भदौ ०९ गते, २०७९ साल, संख्याः ५

# शुद्धोधन गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०७९

**प्रस्तावनाः** नेपालको संविधानको धारा ३४ को उपधारा २ अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई सुनिश्चितता गर्न बाञ्छनिय भएकाले शुद्धोधन गाउँ कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "शुद्धोधन गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरेको मिति देखी लागु हुनेछ ।

**२. परिभाषाः** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "कार्यविधि" भन्नाले "शुद्धोधन गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०७९" सम्झनु पर्दछ ।

(ख) "गाउँकार्यपालिका" भन्नाले शुद्धोधन गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले शुद्धोधन गाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ) "सभा" भन्नाले शुद्धोधन गाउँपालिकाको सभालाई सम्झनु पर्दछ ।

(ङ) "वडा" भन्नाले शुद्धोधन गाउँपालिकाका सवै वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

(च) "अध्यक्ष" भन्नाले शुद्धोधन गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(छ) "उपाध्यक्ष" भन्नाले शुद्धोधन गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शुद्धोधन गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(झ) "सामाजिक सुरक्षा कोष" भन्नाले संघीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कोषलाई सम्झनु पर्दछ ।

(ञ) "करारका कर्मचारी" भन्नाले शुद्धोधन गाउँपालिका, गाउँपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने स्वीकृत दरवन्दीमा रहेका करार सेवाका सवारी चालक र कार्यालय सहयोगी कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

**३. जिम्मेवारी र उत्तरदायित्वः**

(१) गाउँपालिका भित्र, वडा कार्यालय र यस मातहत रहेका शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउदै लैजानु शुद्धोधन गाउँपालिका गाउँकार्यपालिका कार्यालयको जिम्मेवारी रहने छ ।

(२) गाउँकार्यपालिकाले आफ्ना करार कर्मचारीहरुलाई बार्षिक रुपमा आवश्यक पर्ने कर्मचारिहरुको लागि रोजगारदाताले बुझाउनु पर्ने २० प्रतिशत रकम सुनिश्चितता गरी गाउँसभाबाट बिनियोजित गराउनु पर्नेछ ।

(३) शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिका कार्यालयमा कार्यरत करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भए पश्चात स्वतः लागु हुनेछ । कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले गर्नुपर्नेछ ।

(४) शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको योगदानको रकम प्रत्येक महिना योगदानकर्ताको तर्फबाट ११ प्रतिशत र रोजगारदाताको तर्फबाट २० प्रतिशत गरि जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नेछ ।

**४.समिति गठन:** (१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृत गरि आवद्ध गराउन देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) प्रमूख प्रशासकीय अधिकृत - संयोजक

(ख) आर्थिक प्रशासन शाखा - सदस्य

(ग) कर्मचारी प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ:

(क) गाउँकार्यपालिकाका स्वीकृत दरवन्दीमा निरन्तर ६ महिना वा सो समय भन्दा बढी सेवा अवधि कार्य गरेका करार कर्मचारीहरु योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचिकृत हुने संख्याको एकिन गर्ने ।

(ख) नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, सो सम्वन्धमा वनेका नियमावली, कार्यविधि, राजपत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा गरिएका परिपत्रहरुमा सम्वन्धित रहेर करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने ।

(ग) अनलाईन माध्यमबाट गाउँकार्यपालिकालाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न सामाजिक सुरक्षा कोषसंग समन्वय गरि सूचिकरण गर्ने वा गराउने ।

(घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न अन्य आवश्यक कार्य गर्ने ।

**५. थपघट, हेरफेर वा संशोधन:** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**६. बाधा अड्काउ फुकाउ:** यो कार्यविधि कार्यान्वयनको सम्वन्धमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**७. खारेजी तथा बचाउः** यस कार्यविधिमा व्यवस्था भएका कुराहरु प्रचलित कानूनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

प्रमाणिकरण मितिः२०७९/०५/०५

आज्ञाले
झविलाल भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

शुद्धोधन गाउँपालिका, रुपन्देही